आज मिति २०८१ माघ २४ गते विहीबारको दिन दार्मा गाउँपालिका आ.व. २०८१/८२ को ११औं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो ।

**तपसिल**

| | |
|---|---|
| श्री निम बहादुर के.सी. | अध्यक्ष |
| श्री जुना मल्ल चन्द | उपाध्यक्ष |
| श्री रेशम ओली | प्रमुख प्रशासकीय अधिकृत |
| श्री टंक बहादुर वली | सदस्य |
| श्री सार्की खत्री | सदस्य |
| श्री पोखर बहादुर खत्री | सदस्य |
| श्री चन्द्र बहादुर रावत | सदस्य |
| श्री सुदिप के.सी. | सदस्य |
| श्री देवी खत्री | सदस्य |
| श्री धनिराम नेपाली | सदस्य |
| श्री लाल बहादुर सुनार | सदस्य |
| श्री रुपा चन्द मल्ल | सदस्य |
| श्री रेवती कुमारी कामी | सदस्य |
| श्री पुष्पाञ्जली मगर | सदस्य |
| श्री हिरा खड्का | सदस्य |
| श्री अमृत खड्का | |
| श्री टेक बहादुर के.सी. | |
| श्री लाल बहादुर बस्नेत | |
| श्री हेमन्त बहादुर थापा | का.प्र. |
| श्री सुर्य बहादुर विष्ट | WFP. |

प्रस्तावहरु

१. समपुरक र विशेष अनुदान योजना प्रस्ताव सम्बन्धमा।
२. गत आ.व. को बिशेष अनुदानको योजना सम्बन्धमा।
३. दर्ता सम्झौता नभएका योजना सम्बन्धमा।
४. सार्वजनिक सुनुवाई सम्बन्धमा।
५. कर्मचारी पदस्थापन सम्बन्धमा।
६. मिनि टेलरको माग संकलन सम्बन्धमा।
७. शहिद परिवार विशेष कार्यक्रम सम्बन्धमा।
८. महत्वपूर्ण फोटा संकलन सम्बन्धमा।
९. ओखरको विरुवा वितरण सम्बन्धमा।
१०. स्थानीय बाल अधिकार समिति गठन सम्बन्धमा।
११. विविध

**निर्णय नं १**

राष्ट्रिय योजना आयोगको मिति २०८१/१०/१६ को सूचना अनुसार स्थानीय तहमा नेपाल सरकारबाट उपलब्ध हुने समपुरक अनुदान तथा बिशेष अनुदान अन्तरगत आ व २०८२/०८३ मा कार्यान्वयन हुने तपसिलका आयोजना तथा कार्यक्रमहरु प्रस्ताव गरि राष्ट्रिय योजना आयोगमा पठाउने।

तपसिल

क) समपुरक अनुदान

| सि नं | आयोजना तथा कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका मुकाम फारुलाचौर देखी वडा नं २ को वडा कार्यालय मौलेखाली सिलिङ्गी जोड्ने सडक स्तरउन्नती | वडा नं २ र ३ | |
| २ | जनज्योती मा.वि. फारुलाचौर विद्यालय भवन निर्माण | वडा नं ३ | |

नि... बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

निर्णय प्रमाणित

... गाउँपालिका
... गाउँपालिकाको कार्यालय
सल्यान
२०७३

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ३ | कोल्डस्टोर निर्माण | वडा नं ३ | |

ख) बिशेष अनुदान

| सि नं | आयोजना तथा कार्यक्रमको नाम | कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | आधारभुत अस्पताल संचालनको लागि औजार उपकरण तथा औषधि | दार्मा गाउँपालिका आधारभुत अस्पताल | |
| २ | प्रविधिमैत्री दुर शिक्षा कार्यक्रम | दार्मा गाउँपालिका | |
| ३ | सुर्योदय मा.वि. गोठिवनको फिल्ड निर्माण तथा पर्खाल घेरबार | दार्मा गाउँपालिका | |

**निर्णय नं २**

गत आ.व. २०८०/८१ मा विशेष अनुदान अन्तरगत क्रमागत आयोजनामा बालकल्यान आ.वि. काफलगैराको ८ कोठे भवन निर्माणको लागि बजेट प्राप्त भएको तर ठाउँ अभावको कारण यसैबर्ष निर्माण सम्पन्न हुनेगरि ठेक्का आह्वान गर्ने कार्यपालिकाको निर्णय भएबमोजिम सालबसाली आयोजना बनाई ४ कोठे भवन निर्माणको लागि ठेक्का सम्झौता समेत भईसकेकोले उक्त आयोजनालाई यसबर्ष विशेष अनुदानमा माग नगर्ने ।

नेम बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

निर्णय प्रमाणित

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७३

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

चालु आर्थिक बर्षमा गाउँपालिका कार्यालय र वडा कार्यालय तर्फ हालसम्म खरिद प्रकृयामा नआएको (दर्ता तथा सम्झौता नभएका) योजना तथा कार्यक्रमहरुलाई यथासिघ्र खरिद प्रकृयामा ल्याउने ।

**निर्णय नं ४**

दार्मा गाउँपालिकाको चालु आर्थिक बर्षको अर्धबार्षिक अबधिको सार्वजनिक सुनुवाई तपसिलको मिति समय र स्थानमा संचालन गर्ने ।

**तपसिल**

मिति : २०८१ फाल्गुन ५ गते

समय : दिउँसो १ बजेदेखी

स्थान: दार्मा गाउँपालिकाको सभाहल

**निर्णय नं ५**

क) कर्णाली प्रदेश स्थानीय सेवा (गठन र सञ्चालन) ऐन, २०८१ को दफा १३६ मा उल्लेख भएबमोजिम कर्मचारी पदस्थापना सम्बन्धी विशेष व्यवस्थाअनुसार यस दार्मा गाउँपालिकाको कार्यालय, सल्यानमा नियुक्ति/सिफारिस भइ हाल अन्यत्र नगरपालिका/गाउँपालिकामा कामकाजमा खटिएका तपसिलका कर्मचारीहरूलाई कामकाज गरिरहेकै स्थानीय तहमा पदस्थापना गरेमा कुनै किसिमको फरक नपर्ने भनि कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर, सुर्खेतलाई सिफारिस गर्ने ।

**तपसिल**

| क्र.स. | कर्मचारीहरू को नामथर | सङ्केत नम्बर | पद | नियुक्ति / पदस्थापना भएको स्थानीय तह | कामकाज मा खटिएको स्थानीय | नियुक्ति भएको प्रदेश |
|---|---|---|---|---|---|---|
| १ | लिला शर्मा | १९४५०१ | सि. अनमी निरिक्षक | दार्मा गाउँपालिका, | कपुरकोट गाउँपालिका | कर्णाली |

निम बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

दार्मा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

| क्र.स. | कर्मचारीहरू को नामथर | सङ्केत नम्बर | पद | नियुक्ति / पदस्थापना भएको स्थानीय तह | कामकाज मा खटिएको स्थानीय | नियुक्ति भएको प्रदेश |
|---|---|---|---|---|---|---|
| | | | | सल्यान | सल्यान। | |
| 2 | चन्द्रलाल डाँगी | २१९६०३ | सहायक चौथो | दार्मा गाउँपालिका सल्यान | त्रिवेणी गाउँपालिका रुकुमपश्चिम | कर्णाली |

**निर्णय नं ६**

दार्मा गाउँपालिकाको विद्युतिय बोलपत्र मार्फत मिनि टेलरहरु खरिद भएकोमा बोलपत्रबाट बचत रकमको कोटेशन मार्फत थप मिनिटेलर खरिद गर्ने र ५०% अनुदानमा वितरण गर्ने व्यवस्था मिलाउने । वितरणको लागि टोल विकास संस्था/वडाको सिफारिसमा व्यक्ति( कृषक) बाट माग संकलन गर्न १५ दिने सूचना प्रकाशन गर्ने ।

**निर्णय नं ७**

दार्मा गाउँपालिकाको शहिद परिवार विशेष कार्यक्रम अन्तरग शहिद परिवारसँगको भेटघाट कार्यक्रम सञ्चालन गर्न  शहिद परिवार समाजसँगको सिफारिसमा मिति तथा कार्यक्रम तय गर्ने ।

**निर्णय नं ८**

दार्मा गाउँपालिकाको बिजुली वत्ति उद्धाटन, प्रशासकीय भवन उद्धाटन, शहिदस्मृती/ राष्ट्रपति रनिङशिल्ड, गाउँसभा, पालिकाका महत्वपूर्ण कार्यक्रम, पालिकाको पर्यटकिय स्थलहरु,पूर्व र वर्तमान जनप्रतिनिधि, उदाहरणीय विकास, कृषि उत्पादन लगायतका फोटाहरु संकलन गर्न तपसिलको समिति गठन गर्ने

१. प्रकाशचन्द्र थापा — संयोजक
२. प्रेम बहादुर वली — सदस्य
३. दिप चन्द — सदस्य सचिव

निम बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ९**

दार्मा गाउँपालिकाको ओखरको बिरुवा अनुदान कार्यक्रम अन्तरगत खरिद भएका १७०० बिरुवाहरु तपसिल बमोजिम हस्तान्तरण गर्ने व्यवस्था मिलाउने ।

१. नव सर्वसाधारण मा.वि. रातामाटा र जनगागृत आ वि पुखातमा निशुल्क वितरण गर्ने ।

२. वडा नं ४ र गाउँपालिकाका अन्य वडाहरुका कृषकहरुलाई ८०% अनुदानमा उपलब्ध गराउने ।

**निर्णय नं १०**

दार्मा गाउँपालिका सल्यानको बाल अधिकार संरक्षण तथा संम्वर्धन प्रवर्धन सम्बन्धी कार्यविधि, २०८१ को दफा १९ बमोजिम तपसिलको स्थानीय बाल अधिकार समिति गठन गर्ने ।

तपसिल

| | |
|---|---|
| १. निम बहादुर के.सी. | संरक्षण |
| २. जुना मल्ल चनद | अध्यक्ष |
| ३. देवी खत्री | सदस्य |
| ४. टंक बहादुर वली | सदस्य |
| ५. लाल बहादुर सुनार | सदस्य |
| ६. उषा शर्मा के.सी. | सदस्य |
| ७. गणेश बहादुर खत्री | सदस्य |
| ८. कृष्ण बस्नेत | सदस्य |
| ९. राम प्रसाद शर्मा | सदस्य |
| १०. देव बहादुर रोकाय | सदस्य |
| ११. यज्ञ बहादुर खड्का | सदस्य |
| १२. तिलक के.सी. | सदस्य |
| १३. स्थानीय बाल सञ्जालले तोकेको बालबालिकासहित २ जना बाल प्रतिनिधि | |
| १४. स्थानीय प्रहरी प्रमुख | सदस्य |
| १५. प्रकाश शर्मा | सदस्य |

निम बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

१६. सेतिराम रोकाहा — सदस्य

१७. आशा के.सी. — सदस्य

१८. यमुना खड्का — सदस्य सचिव

**निर्णय नं ११**

अध्यक्षबाट प्रदान गरिने आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७७ को तपसिलको दफा बमोजिम देहायबमोजिमको आर्थिक सहायता प्रदान गर्ने ।

तपसिल

| सि नं | नामथर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | डुमी कामी | दार्मा ६ | ५००० | |
| २ | सौरै कामी | दार्मा ४ | ५००० | |
| ३ | चन्द्र बहादुर खड्का | दार्मा ५ | ५००० | |
| ४ | आइते थापा | दार्मा ४ | १०००० | |
| ५ | धनविर नेपाली | दार्मा १ | खाद्यान्न | |
| ६ | कमल राना | दार्मा २ | १०००० | |

**निर्णय नं ११**

क) वडा नं ५ को वडा कार्यालयको च.नं ५१३, मिति २०८१/१०/२३ को सूचना अनुसार स्वास्थ्य इकाई कागुनोहाल्नेको ठेक्का मार्फत भवन निर्माण हुने भएको उक्त ठेक्काको इस्टिमेटमा माटो खन्ने कामको इस्टिमेट कम भएकोले इस्टिमेट बाहेकको कामको लागि गाउँपालिकाको डोजरले काम गर्ने व्यवस्था मिलाउने ।

ख) दार्मा गाउँपालिका वडा नं ४ को मौलाहाल्नेमा सडक निर्माणको क्रममा सडकमा पर्ने रण बहादुर चन्दको घर घरधनिले नभत्काएकोले गाउँपालिका डोजरले भत्काएको र भत्काउने र भग्नावशेष हटाउन लागेको खर्च निज रण बहादुर चन्दबाट असुली गर्ने व्यवस्था मिलाउने ।

गाउँपालिका कार्यपालिकाको कार्यालय

निम बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

ग) इलाका प्रहरी कार्यालय फारुलाचौरको भवन निर्माणको लागि र वडा नं ३ को वडा कार्यालयको लागि जग्गा प्राप्ती गर्ने प्रकृया अगाडि बढाउने । यसको लागि तपसिलको चारकिल्ला खुलाई निशुल्क जग्गा उपलब्ध गराउन सार्वजनिक सूचना प्रकाशन गर्ने ।

तपसिल

| सि नं | कार्यालयको नाम | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|---|
| १ | दार्मा गाउँपालिका कार्यालय | ढाँरापिपल | कालेखोला | थम्केसल्ली/पानिटंकी | मासुगार डाँडा |
| २ | वडा नं ३ को कार्यालय | ढाँरापिपल | बोजारी | थम्केसल्ली/पानिटंकी | मासुगार डाँडा |

दार्मा गाउँपालिका गाउँपालिकाको कार्यालय सल्यान २०७३

निम बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

निर्णय प्रमाणित

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत